# जबर्जस्ती करणी सम्बन्धि कानून: एक विश्लेषणात्मक टिप्पणी

*अधिवक्ता अनु भट्टराई*
**Mphil-ph.D scholar in sociology, LLB (TU)**
Email: aanubh71@gmail.com

**Article History :** 2025 Septermber 3

**सार (Abstract)**

*कानूनको मुख हुदैन तर न्यायको आवाज हुन्छ फेरि अपराध भनेको अपराध नै हो । अपराध र अपराधीको नत कुनै रंगरुप, नत कुनै जातभात, नत कुनै लिङ्ग,नत कुनै धर्म, नत कुनै भुगोल र नत कुनै भाषा नै हुन्छ । खाली अपराधलाई तथ्य र प्रमाण भन्दा बहेक अन्य कुनै पनि कुराले पखाल्न र ढाकछोप गर्न सक्दैन । चाहे पात्र महिला होस् या फेरि पुरुष । आधुनिक न्याय प्रणालीमा फरक फरक उमेर समुहको व्यक्तिबीचमा भएका जबर्जस्ती करणी जस्तो घीन लाग्दो, मानवता विरुद्दको रंगिन र संगिन प्रकृतिका फौजदारी कसुरमा पीडित पक्षले आफ्नो उमेर समुहको आधारमा न्याय पाउने छन भने पीडकले पनि जति कम उमेरकी महिलालाई जबर्जस्ती करणी गरेको छ, त्यति नै बढी सजाय भोग्नु पर्ने हुन्छ । मन्जुरी वा अनुमति लिएर यौन सम्बन्ध स्थापित गरेको भएपनि अठार वर्ष भन्दा कम उमेरका कुनै बाल बालिकालाई समेत जबर्जस्ती करणी नै मानिनेछ । त्यति मात्रै होईन कुनै पनि अठार वर्ष भन्दा माथी उमेर समुहको पक्षबाट लिएको सबै मन्जुरीलाई पनि कानूनले मन्जुरी मान्दैन । यदि यसरी करणीको लागि कुनै पनि व्यक्तिले, कुनै पनि अर्को पनि अठार वर्ष भन्दा माथी उमेर समुहको महिलालाई मन्जुरी लिदा त्यी महिलालाई करणी गर्ने पुरुषले करकाप, अनुचित प्रभाव, डर, त्रास, झुक्यानमा पारी वा अपहरण गरी वा शरीर बन्धक बनाएर त्यी महिलासँग मन्जुरी लिएको भएमा सो मन्जुरी लिएर गरेको कार्य पनि जबर्जस्ती करणी नै हुन्छ । जबर्जस्ती करणी नहुनाको लागि करणी लिने व्यक्तिसँग  स्वतन्त्र रुपमा मन्जुरी लिएको अवस्थामा हुनुपर्ने हो ।*

## भूमिका

कानूनको मुख छैन तर न्यायले आवाज दिएको प्रत्याभुति हुन्छ । कानूनको आँखा हुदैन, त्यसैले न्याय सम्पादनको क्रममा कुनै जातजाती, भाषाभाषि, लिङ्ग, धर्म त भुगोल समेत देख्दैन र देख्न पनि हुदैन् । कसुर भनेको कसुर नै हो।पात्र चाहे स्त्री वा पुरुष होस् । कसुरको लिङ्ग हुदैन वा कसुरको निर्धारण लिङ्ग विशेषले गर्न सक्दैन र गर्न पनि हुदैन । कानूनले गर भनेको कार्य गरेमा र नगर भनेको कार्य गरेमा त्यो कसुरजन्य कार्य हुनजन्छ । जबर्जस्ती करणी हुनको लागि स्त्रीको यौनीमा लिङ्गको प्रवेश गराएकै हुनुपर्दछ भन्ने पनि छैन र कुनै महिलासँग सहमती लिदैमा त्यो सहमती स्वतन्त्र सहमति नै हुन्छ भन्ने पनि होईन । त्यस्तै गरी जबर्जस्ती करणीजन्य कसुरमा  सधै महिलाहरु पीडित र पुरुष नै पिडक हुन्छन भन्ने पनि होइन यद्यपी नेपालको सन्दर्भमा भन्ने हो भने सामाजिक परिवेश, सामाजिक संरचना, सस्कृति आदिलाई मध्य नजर लगाउने हो भने पुरुषको तुलनामा महिलाहरुको जबर्जस्ती करणीमा पर्नेको संख्या अत्याधिक मात्रामा रहेको छ भने पुरुषहरुको संख्या

न्युन वा नगन्य मात्रामा रहेको कुरालाई नकार्न भन्ने सकिदैन । पीडितको संख्याले न्याय प्रवाहलाई प्रभाव पार्ने होइन । यसर्थ जवरजस्ती करणीजन्य जघन्य कसुरमा कसुर कसरी भएको छ सो आधारमा सजायको निर्धारण गर्न जरुरी छ नकि कसुर कस्ले गर्यो भन्ने आधारमा । फेरी जवरजस्ती करणीजन्य कसुरका पात्र पुरुष मात्रै हुन्छन् भन्ने कुरा पनि ध्रुव सत्य पनि होइन ।

## पृष्ठभूमि

सामान्य बुझाईमा जबर्जस्ती करणी भन्नाले कुनै पनि व्यक्तिले अर्को कुनै पनि व्यक्तिलाई निजको मन्जुरी वा अनुमति नलिई गर्ने करणी वा करणीजन्य कार्यलाई बुझिन्छ । तर हाल नेपालमा प्रचलन रहेको पछिल्लो कानून अनुसार जबर्जस्ती करणीको परिभाषालाई केही परिमार्जन गरेको पाईन्छ । अब कसैसँग मन्जुरी वा अनुमति लिएर यौन सम्पर्क गर्दैमा त्यो यौन सम्पर्क मन्जुरी वा अनुमति लिएर गरेको यौन सम्बन्ध हुन सक्दैन । मन्जुरी वा अनुमति लिएर यौन सम्बन्ध स्थापित गरेको भएपनि अठार वर्ष भन्दा कम उमेरका कुनै बाल बालिकालाई समेत जबर्जस्ती करणी नै मानिनेछ । त्यति मात्रै होईन कुनै पनि अठार वर्ष भन्दा माथी उमेर समुहको पक्षबाट लिएको सबै मन्जुरीलाई पनि कानूनले मन्जुरी मान्दैन । यदि यसरी करणीको लागि कुनै पनि व्यक्तिले, कुनै पनि अर्को पनि अठार वर्ष भन्दा माथी उमेर समुहको महिलालाई मन्जुरी लिदा त्यी महिलालाई करणी गर्ने पुरुषले करकाप, अनुचित प्रभाव, डर, त्रास, झुक्यानमा पारी वा अपहरण गरी वा शरीर बन्धक बनाएर त्यी महिलासँग मन्जुरी लिएको भएमा सो मन्जुरी लिएर गरेको कार्य पनि जबर्जस्ती करणी नै हुन्छ । जबर्जस्ती करणी नहुनाको लागि करणी लिने व्यक्तिसँग  स्वतन्त्न रुपमा मन्जुरी लिएको अवस्थामा हुनुपर्ने छ । अनि मात्रै त्यो मन्जुरी, मन्जुरी मानिनेछ । त्यस्तै गरी कुनै व्यक्ति होस ठेगानमा नरहेको अवस्थामा सो व्यक्तिसँग मन्जुरी नै लिएर यौन सम्पर्क गरेको भए पनि सो मन्जुरीलाई समेत हालको कानूनले मन्जुरी मान्ने छैन ।

## जबर्जस्ती करणीको दायरामा आएको व्यापकत्ता

त्यति मात्रै होइन जबर्जस्ती करणीको आधुनिक परिभाषाले जबर्जस्ती करणीको दायरालाई ज्यादै नै व्यापक बनाईदिएको छ । जस अन्तर्गत जबर्जस्ती करणीको आधुनिक परिभाषाले, गुद्धार वा मुखमा लिङ्ग पसाएमा, गुद्धार, मुख वा योनीमा लिङ्ग केही मात्र पसेको भएमा, लिङ्ग बाहेक अन्य कुनै वस्तु योनीमा प्रवेश गराएमा पनि जबर्जस्ती करणीको परिभाषामा राखेको पाईन्छ ।[१९४] यसको साथसाथै कसैले कुनै महिलालाई निजको मन्जुरी लिएर भएपनि अठार वर्ष भन्दा कम उमेरका कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालबालिकालाई जबर्जस्ती करणी गरेको मान्ने गरि यसको दायरामा व्यापकता ल्याएको छ । अनि त्यस्तै गरी कुनै व्यक्ति होस ठेगानमा नरहेको अवस्थामा सो व्यक्तिसँग मन्जुरी नै लिएर यौन सम्पर्क गरेको भए पनि सो मन्जुरीलाई समेत हालको कानूनले मन्जुरी मान्ने छैन । यसरी अहिले प्रचलनमा आएको संहिताले जबर्जस्ती करणीको परम्परागत परिभाषालाई परिमार्जन गर्दै जबर्जस्ती करणीको परिभाषालाई विस्तार गरेको देख्न सकिन्छ ।

[१९४] मुलुकी अपराध संहिता २०७४ को दफा २१९ (२)

## जबर्जस्ती करणी सम्बन्धि कानूनी प्रावधानहरु

नेपालको कानूनले जबर्जस्ती करणीको सजाय सम्बन्धि धेरै किसिमका प्रावधान गरेको पाइन्छ । जबर्जस्ती करणीमा सिकार भएको व्यक्तिहरु वा महिलाहरु कुन उमेर समुहका हुन सोहि बमोजिम पिडकहरुलाई सजाय दिने कानूनी प्रवधान रहेको पाइन्छ । त्यति मात्रै होईन, त्यी पीडित महिलाहरुको शारीरिक र मानसिक स्थिति के कस्तो छ सोलाई समेत विश्लेषण गरेर पिडकहरुलाई सजाय निर्धारण गर्ने व्यवस्था गरेको छ । जस अन्तर्गत दश वर्षभन्दा कम उमेरकी बालिकाको जबर्जस्ती करणी भएकोमा वा निज बालिका, अशक्त, अपाङ्गता भएको खण्डमा वा सत्तरी वर्षभन्दा बढी उमेरको बृद्ध महिलालाई जबर्जस्ती कारणी गरेको रहेछ भने, निज पिडकलाई जन्म कैद सम्म गर्ने व्यवस्था रहेको छ । त्यस्तै जबर्जस्ती करणीमा परेकी त्यी स्त्री दश वा दश वर्षभन्दा बढी र चौध वर्षभन्दा कम उमेरकी बालिका भएको ठहरेमा निज पीडकलाई अठार वर्षदेखि बीष वर्षसम्म कैद गर्ने व्यवस्था रहेको छ । जबर्जस्ती करणीमा परेकी यस्ता छोरी मान्छे चौंध वर्ष वा चौध वर्षभन्दा बढी तर सोह्र वर्षभन्दा कम उमेरकी बालिका भएको ठहरेमा निज कसुरका कसुरदारलाई बाह्र वर्षदेखि चौध वर्षसम्म कैद गर्ने प्रावधान रहेको छ । तर करणीमा परेकी त्यी स्त्री करणी हुदाको समयमा सोह्र वर्ष वा सोह्र वर्षभन्दा बढी तर अठार वर्षभन्दा कम उमेरकी भई निज नाबालकनै रहेको प्रमाणित भएमा पनि यस कसुरका कसुरदारलाई दश वर्षदेखि बाह्र वर्षसम्म कैद गर्ने व्यवस्था रहेको हुन्छ । त्यस्तै गरी अठार वर्ष वा अठार वर्षभन्दा बढी उमेरकी महिला जो नाबालक छैनन् तर पनि निज महिलालाई निजको अनुमती बिना जबर्जस्ती करणी भएको रहेछ भने यसरी जबर्जस्ती करणीको कसुर गर्ने जोकोहीलाई सात वर्षदेखि दश वर्षसम्म कैद गर्ने व्यवस्था[१९५] हाल नेपालमा प्रचलनमा रहेको मुलुकी अपराध संहिता २०७४ ले गरेको छ । जुन निकै नै प्रसंशनिय र तारिफ योग्य पनि रहेको छ । त्यति मात्रै होइन, आधुनिक न्याय प्रणालीमा फरक फरक उमेर समुहको व्यक्तिबीचमा भएका जबर्जस्ती करणी जस्तो घीन लाग्दो, मानवता विरुद्धको संगिन प्रकृतिका फौजदारी कसुरमा पीडित पक्षले आफ्नो उमेर समुहको आधारमा न्याय पाउने छन भने पीडकले पनि जति कम उमेरकी महिलालाई जबर्जस्ती करणी गरेको छ, त्यति नै बढी सजाय भोग्नु पर्ने हुन्छ । यस व्यवस्था नेपालमा लागु भएदेखि वस्तावमै पीडित पक्षले वास्तविक न्याय पाएको प्रत्याभुति गर्न सक्नेछन ।

## जबर्जस्ती करणी र महिलासँग सम्बन्धि सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित कानूनका मान्य सिद्धान्तहरु

जबर्जस्ती करणी र महिलासँग सम्बन्धि सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित कानूनका मान्य सिद्धान्तहरुको विभिन्न प्रकारका रहेका छन । जस अन्तर्गत सर्वोच्च अदालतबाट प्रतिपादित छोरीले पैतृक सम्पतिमा हक पाउने/नपाउने सम्बन्धी नजिरहरु[१९६] (मु.नं.०७५-दिएफ-००२९),सर्वोच्च अदालतबाट प्रतिपादित बहुविवाह सम्बन्धी नजिरहरु[१९७] (मु.नं.०७८-सिएफ-०००६),सर्वोच्च अदालतबाट प्रतिपादित सम्बन्ध विच्छेद सम्बन्धी नजिरहरु[१९८] (मु.नं.०७३-सिआइ-१६७२), सर्वोच्च अदालतबाट प्रतिपादित सम्बन्ध विच्छेद सम्बन्धी

[१९५] सर्वोच्च अदालतबाट प्रतिपादित छोरीले पैतृक सम्पतिमा हक पाउने/नपाउने सम्बन्धी नजिरहरु ( मु.नं.०७५-दिएफ-००२९)

[१९६] सर्वोच्च अदालतबाट प्रतिपादित बहुविवाह सम्बन्धी नजिरहरु (मु.नं.०७८-सिएफ-०००६)

[१९७] सर्वोच्च अदालतबाट प्रतिपादित सम्बन्ध विच्छेद सम्बन्धी नजिरहरु (मु.नं.०७३-सिआइ-१६७२)

[१९८] सर्वोच्च अदालतबाट प्रतिपादित सम्बन्ध विच्छेद सम्बन्धी नजिरहरु (मु.नं.०७३-सिआइ-१६७२)

नजिरहरु[१९९] (मु.नं.०७३-सिआइ-१६७२), सर्वोच्च अदालतबाट प्रतिपादित जबर्जस्ती करणी सम्बन्धी नजिरहरु (फ.नं.०८०-आई-०१५१), सर्वोच्च अदालतबाट प्रतिपादित जबर्जस्ती करणी सम्बन्धी नजिरहरु[२००] (मु.नं.०६७-सिआर-०७२७), सर्वोच्च अदालतबाट प्रतिपादित जबर्जस्ती करणी सम्बन्धी नजिरहरु (मु.नं.०८०-सिएस-०८३४), रहेका छन ।

## जबर्जस्ती करणी सम्बन्धि कानूनका मान्य सिद्धान्तहरु

परम्परागत विधिशास्त्रको मुलभुत सिद्धान्तलाई हेर्ने हो भने, पिडकलाई समाजबाट अलग बनाई कैद गरेमा पीडितले न्याय पाएको भन्ने मान्यताबाट विकसित भएको पाईन्छ तर आधुनिक फौजदारी कानूनको धेरै प्रकारका सिद्धान्तहरु रहेका छन।जस मध्ये अपराध पीडितको हकमा कुरा गर्ने हो भने अपराध पीडितलाई कानून बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपुर्ति सहितको न्याय दिलाउनु पर्नेछ भन्ने सिद्धान्तको विकास भएको पाईन्छ । जुनलाई एकातिर आधुनिक विधिशास्त्रले अपनाएको एउटा तारिफ योग्य र प्रशंसिनिय कार्य मात्रै नमानि, वि.सं. २०७४ अगि सम्म प्रचलनमा रहेको परम्परागत, रुढीवादी र पुरानो विधिशास्त्रबाट समाजलाई अलग गरी, आधुनिक समाजमा रहेको तर कानूनले सम्बोधन गर्न नसकेका समस्याहरुलाई सम्बोधन गरी समाजमा रहेको कानूनको रिक्त्ता र अभावलाई हटाई, कानूनलाई समाजसँग जोड्न महत्वपुर्ण पुलको रुपमा काम गर्ने एक सर्वाकृष्ट अभ्यासलाई पनि स्थापित गर्दछ । त्यसै गरी अर्कोतिर हजार जना अपराधी छुटुन तर एक जना निर्दोष नछुटोस भन्ने आधुनिक फौजदारी कानूनको अर्को महत्वपूर्ण न्यायको मान्य सिद्धान्तलाई आत्मासाथ गरेको पाईन्छ ।

## जबर्जस्ती करणी सम्बन्धि कानूनले समेट्न नसकेको विषयहरुको संक्षिप्त विश्लेषण

भनिन्छ, कानूनको मुख हुदैन तर न्यायको आवाज हुन्छ रे, वास्तवमै कानूनको देख्ने आखा र सुन्ने कान हुदैन । त्यसैले कानूनले न्याय र अन्यायको बाहेक नत जातजाति, नत भुगोल, नत धर्म, नत लिङ्ग नै देख्ने हुन्छ । कानूनले त खाली प्रमाण, तथ्य र कानूनका दफाहरु या फेरि संविधानका धाराहरु मात्रै देख्नुपर्न हुन्छ । नेपालमा हाल बनेको सबै प्रकारका कानूनहरु, चाहे त्यो विशेष कानून होस या फेरि सामान्य कानून नै किन नहोस् । हाल हाम्रो नेपालमा प्रचलनमा रहेको मुलुकी देवानी संहिता होस् या फेरि मुलुकी अपराध संहिता लगायत अन्य जुनसुकै किसिमको कानून नै किन  नहोस यी सबै कानूनको अगाडी सबै व्यक्तिहरु समान हुन्छन र कानूनको समान प्रयोगबाट कसैलाई पनि बन्चित गरिने छैन भन्ने व्यवस्था हालको कानूनमा प्रचलनमा रहेछ । यद्यपी नेपालको बनेका यी नया कानूनले पनि यदाकदा, जानेर या नजानि विभिन्न किसिमका विभेदहरु कायम नै राखेको पाइन्छ । विशेष गरी यसरी हाल नेपालमा बनेका प्रायजसो सबै कानूनहरु अन्यन्तै महिलामैत्रि छन । जुन पितृसत्तात्मक समाजमा ज्यादै राम्रो कुरा पनि हो । किनकी यस किसिमको पितृसत्तात्मक समाजमा जहिले पनि पीडित भनेको प्रायजसो महिलाहरु नै हुने तथा हुनसक्ने कुरामा कुनै शंका गरिरहनु पर्ने कुरै छैन । त्यहि मात्रै होइन यस्तो किसिमको समाजले समाजमा पुरुष र महिलाको अलग अलग भूमिकाको अपेक्षा समेत गरेको हुन्छ । यसै सन्दर्भमा पुरुषले समाजमा सधैब संरक्षकको भूमिकामा खेल्नु पर्नेहुन्छ । अनि महिलाहरुले संरक्षकको शरणमा संरक्षित भई बस्नु पर्ने बाध्यात्मक भूमिका रहेको हुन्छ । यो भूमिकामा कमी

---

[१९९] सर्वोच्च अदालतबाट प्रतिपादित जबरजस्ती करणी सम्बन्धी नजिरहरु ( फ.नं.०८०-आई-०१५१)

[२००] सर्वोच्च अदालतबाट प्रतिपादित जबरजस्ती करणी सम्बन्धी नजिरहरु ( मु.नं.०६७-सिआर-०७२७)

आएको प्रत्याभुति आजको दिनमा हामी महिलाहरुले गर्न सक्छौ यद्यपी यो अभ्यास समाजबाट निमिट्यान्न भएर हटेर भने गएको छैन । यसरी समाजले महिला र पुरुषलाई दिएको सामाजिक तथा सांस्कृति भूमिकाको तथा गर्ने व्यवहारको कारण धेरै हदसम्म समाजमा हरेक क्षेत्रमा महिलाहरु नै पीडित हुन्छन । यो कुरा जुन अनि घाम जस्तै प्रष्ट छ तर पनि अधिकाशं समयमा समाजमा महिलाहरुनै पीडित हुन्छन भन्नुको शाव्दिक अर्थ भनेको समाजमा सधैभरि पीडित भनेको महिला नै हुन्छन र महिला नै हुनुपर्छ भन्ने पनि अवस्य नै होइन होला । यति हुदा हुदै पनि पितृसातात्मक समाजले जरा गाडेको यस विभेदकारी समाजमा महिलामैत्रि कानून बनेर महिलाहरुको संरक्षण गर्नुलाई गलत अभ्यासको रुपमा लिन त अवश्य पनि सकिन्न र मेरो त्यक्तिगत आशय यो पनि होईन । तर पनि महिलामैत्रि कानून बन्ने क्रममा त्यो कानूनले महिलाहरु मात्रैलाई न्याय गरेपनि त्यी कानूनले समाजका वास्तविक पीडित पुरुषहरुलाई वेवास्था गर्ने कार्य गर्न, भने कुनै हालतमा पनि हुदैन । यस्ता पुरुषहरुको वास्तविक पिडाहरुलाई सम्बोधन गर्नै नसक्ने गरी कानून बनाउन कहिले पनि र कसैले पनि हुदैन । यस्ता कानून बनाउने र लागु गर्ने छुट कसैलाई पनि छैन ।

यसरी व्यक्ति विशेष हुने गरि वा नेपालको संविधानले नै यसरी आरक्षणको दिन मिल्ने गरी छुटाएको विशेष व्यक्तिको हकमा यस्तो किसिमको कानून बनाउनत छुट हुनसक्छ । तर त्यो कानूनको कारणले अर्को व्यक्तिको न्याय माथिको पँहुचमा नै हनन् हुनगई कुनै जाति, धर्म, भूगोल र लिङ्गलाई अन्याय नै पर्ने गरी कानून बनाउन भने नेपालको संविधानले समेत छुट दिएको छैन । किनकी पीडित भनेको पीडित नै हो, पीडितको नत कुनै रंगरुप, न त कुनै जातभात, न त कुनै लिङ्ग, न त कुनै धर्म, न त कुनै भूगोल र न त कुनै भाषा नै हुन्छ ।

नेपालमा हाल प्रचलनमा रहेको मुलुकी अपराध संहिता, २०७४ मा जबर्जस्ती करणी सम्बन्धि व्यवस्थालाई नै संक्षेपमा हेर्ने हो भने पनि यस यस संहिताको दफाले जबर्जस्ती करणी भनेको के हो भनेर प्रष्ट पार्न सकेको छैन । मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ (२) मा उल्लेखित शब्दहरुलाई हुबहु कपी गरेर भन्ने हो भने “कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा .....निजले त्यस्तो महिलालाई जबर्जस्ती करणी गरेको मानिनेछ” भन्ने पाईन्छ । जुन परिभाषा आजको आधुनिक विधिशास्त्रमा अपूर्ण मात्रै नभई लैङ्गिक दृष्टिकोणले विभेदकारी पनि रहेको कुराको महसुश स्पष्ट रुपमा गर्न सकिन्छ । पितृसात्तात्मक सोचको झल्को दिने यो र यस्ता यस्तै किसिमका कानूनी व्यवस्थाहरुले पुरुषको अहङ्कारी सोचको मात्रै प्रतिनिधित्व गर्दैन बरु यस किसिमको सोचले यी अहङ्कारी सोच भएका पुरुषहरुको चरित्रलाई पनि समाजमा नङ्गाउने कार्य गर्दछ । किनकी यो परिभाषाले एकतिर समाजमा पुरुष पनि पीडित हुन्छ भन्ने कुराको परिकल्पना सम्म गर्न सकेको छैन । पुरुषमाथि जबर्जस्ती करणी, घरेलु हिंसा लगायतका हिंसाजन्य कार्य पुरुषहरु माथि पनि हुनसक्छ र उनीहरु पनि पीडित हुनसक्छन् भन्ने कुराको परिकल्पना दुर दराज सम्म पनि गरिएको छैन् ।

यति मात्रै होईन, नेपालमा हाल रहेका तेस्रो लिङ्गी, समलिङ्गी, ट्रान्सजेन्डर लगायतका व्यक्तिहरुको अस्तित्वलाई स्वीकारेको भान हुन समेत सक्दैन यस परिभाषाबाट । त्यस्तै गरी यी समुदायका व्यक्ति माथि यस्ता यौनजन्य हिंसा हुनसक्छ भन्ने परिकल्पना सम्म गर्न नसक्नु कानून विद्हरुको अन्यायपूर्ण सोचाइ हो । जबकी नेपालको संविधानले नै यी र यस्ता समुहका व्यक्तिहरुको अस्तित्वलाई सहजै रुपमा स्वीकार गरी अविभेदकारी नीति तथा कार्यक्रमहरु बनाई यी समुहका व्यक्तिहरुको पहुच, र पहिचान पहिल्याई लागु गरिसकेको अवस्था छ । त्यति मात्रै कँहा हो र यस दफालाई महिलावादी दृष्टिकोणबाट हर्ने हो भने पनि पुरुषहरु समान महिलाहरुको अस्तित्वलाई समाजमा स्वीकार गर्न सकेको देखिदैन । किनकी यी माथि उल्लेखित दफाहरुलाई उल्था गर्ने हो भने पनि महिलाले कुनै पनि राम्रो अथवा नराम्रो काम पुरुष बराबर गर्न सक्दैनन् भन्ने बुझाईनै यदाकदा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा हावी रहेको देख्न सकिन्छ । यहाँ महिलाले अन्य कुनै पनि

पुरुषलाई, पुरुषले महिलालाई जबर्जस्ती करणी गरे सरह जबर्जस्ती करणी गर्न सक्छन भन्ने कुराको परिकल्पना गरेको पाईन्न । यसको साथै महिलाले पुरुषहरुलाई पनि जबर्जस्ती करणी गर्न सक्छन भन्ने कुरा उल्लेख नगरेकोमा दु:ख मनाउ गरेको पनि होइन । किनकी अपराध भनेको अपराध नै हो । अपराधलाई तथ्य र प्रमाण भन्दा बहेक अन्य कुनै पनि कुराले पखाल्न र ढाकछोप गर्न सक्दैन । चाहे पात्र जोकोही होस । हो यही महिलाले पुरुषलाई जबर्जस्ती करणी गर्न सक्दैनन भन्ने मानसिकताको शिकार भएको कारणले पुरुष पीडितहरु समाजमा आफु पिडामा परेको कुरा खुलेर ल्याउन सकेका छैनन । एकातिर समाजको सामाजिक तिरस्कार अर्कोतिर विभेदकारी न्याय प्रणालीको फलस्वरुप समाजमा रहेका पीडित पुरुषहरुको पिडा दबेको मात्रै हो । तर यसको मतलव समाजमा महिला पीडित पुरुषहरु छदैछैन्न भन्ने चाही अवश्य पनि होईन । पक्कै पनि नेपाली समाजमा पुरुषहरुको जबर्जस्ती करणी भएको केश दुर्लभ मध्येको दुर्लभ (Rarest of the rare) मात्रै होला यसमा शंका नै छैन । तर पनि लगभग तीन करोड जनसंख्या भएको हाम्रो देशमा शून्य दशमलभ पाँच प्रतिशत महिलाहरु जबर्जस्ती करणीको शिकार रहेछन[२०१] र त्यहि जनसंख्यामा जम्मा दश जना पुरुष[२०२] मात्रै यस किसिमको शिकार रहेछन भने संख्या कम भएकै कारणले पुरुषले न्याय नपाउने र महिलाले त्यस्ता किसिमको अपराधिक कार्यबाट उन्मुक्ति पाउनु?[२०३] यो कदापी स्वीकार्य हुनहुन्न र हुने पनि छैन ।

## निष्कर्ष

कानूनको मुख हुदैन तर न्यायको आवाज हुन्छ फेरि अपराध भनेको अपराध नै हो । अपराध र अपराधीको नत कुनै रंगरुप, नत कुनै जातभात, नत कुनै लिङ्ग, नत कुनै धर्म, नत कुनै भुगोल र नत कुनै भाषा नै हुन्छ । खाली अपराधलाई तथ्य र प्रमाण भन्दा बहेक अन्य कुनै पनि कुराले पखाल्न र ढाकछोप गर्न सक्दैन । चाहे पात्र महिला होस् या फेरि पुरुष । त्यति मात्रै होइन, जबर्जस्ती करणीबाट पीडित महिलाहरुको तुलनामा पुरुष जबर्जस्ती करणी पीडितहरुको संख्या नगन्य मात्रमा रहेकै कारण पुरुषले न्याय नपाउने र महिलाले त्यस्ता किसिमको अपराधिक कार्यबाट उन्मुक्ति पाउने भन्ने कुरा हुदैन । अनि यो कुरालाई प्रत्साहान हुने गरी बनाएको कानून कदापी स्वीकार योग्य हुँदा पनि हुदैन । यसर्थ कानून बनाउने क्रममा कानूनविद तथा कानून निर्माताहरुले यस्ता संवेदनशिल कुराहरुलाई गहन रुपमा ग्रहण गर्न जरुरी छ, ताकि पुरुष पीडितहरुको न्यायलाई कानूनले नै सुनिश्चित गरी सो व्यवहार र अनुमानले होइन ।

## सन्दर्भ सामाग्री

मुलुकी फौदारी कार्यविधि संहिता, २०७४

आर्थिक सर्वेक्षण २०८०/०८१

सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरु

मुलुकी अपराध संहिता, २०७४

[२०१] सर्वोच्च अदालतबाट प्रतिपादित जबरजस्ती करणी सम्बन्धी नजिरहरु ( मु.नं.०८०-सिएस-०८३४)

[२०२] आर्थिक सर्वेक्षण २०८०/०८१

[२०३] मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ लाई संसोधन गर्न बनेको विधेयक,२०८२